# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०७९/०८०
च.नं.:- ८५४

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:-२०७९/०८/१६

**राष्ट्रपति महिला उत्थान जिवीकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न प्रस्ताव आव्हान सम्बन्धी सूचना**

(प्रथमपटक प्रकाशित मिति २०७९।०८।१६)

यस कार्यलयबाट चालु आ व २०७९\८० मा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत, ब्यवसायिक बाख्रा पालन कार्यक्रम यस नौगाड गाउपालिकाको वडा न ५ मा सञ्चालन गर्नुपर्ने भएकोले राष्ट्रपति महिला उत्थान जिवीकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ बमोजिम योग्यता पुगेका, कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुले तपसिल अनुसार शर्तहरुको अधिनमा रही सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

१. संस्था प्रचलित कानून बमोजिम दर्ता र नविकरण भएको हुनपर्नेछ।

२. आ. व २०७८/२०७९को लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।

३. संस्था प्रचलित कानून बमोजिम अयोग्य नरहेको हुनुपर्नेछ।

४. कार्यक्रम सञ्चालनको प्रस्ताव आव्हानको सूचना प्रकाशन भएको मिति भन्दा अगावै सस्था प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ।

५. संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यवसायिक विकास तालिम प्रदान गरी ब्यक्तिगत वा सामूहिक रुपमा आयआर्जन ब्यवसाय सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. संस्थाले व्यवसायिक बाख्रा पालन सम्बन्धी कम्तिमा पाँच दिनको तालिम २५ जना लक्षित सहभागीलाई प्रदान गर्ने गरी ब्यवासायिक योजना पेश गर्नु पर्नेछ ।

७. संस्थाले पेश गर्नुपर्ने प्रस्तावको ढाँचा यस कार्यालयको महिला बालबालिका शाखाबाट प्राप्त गर्न सक्नेछ।

८. सिलबन्दि प्रस्ताव मिति २०७९।०८।३० गते कार्यालय समयभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ।

९. सिलवन्दी प्रस्ताव मिति २०७९।०९।०१ गते दिउसो २ बजे संस्थाका प्रतिनिधि कार्यालयका कर्मचारीहरुको रोहोवरमा खोलिनेछ।

१०. सस्थाले कार्यक्रम सञ्चालन गर्दा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ को पूर्ण पालना गर्नुपर्नेछ।

७९।८।१६

.............................
(पुष्कर सिंह धामी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

{☎: 9868896269, ✆ 9858784584 ✉: info@naugadmun.gov.np, ✉:naugaad@gmail.com}
{Website: naugadmun.gov.np}